खप्तड छेडेदह गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

डोगडी,बाजुरा

सुदूरपश्चिम प्रदेश,नेपाल

प.स.२०७८।७९

मिति : २०७८।८।२६

च.न. ३१५

विषय : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

**श्री सामुदायिक विद्यालयहरू सवै,**

**खप्तड छेडेदह गाउँपालिका,**

**डोगडी, बाजुरा ।**

प्रस्तुत बिषयका सम्बन्धमा चालु आर्थिक बर्ष २०७८।७९ का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत शिक्षा तथा मानव श्रोत विकास केन्द्रको सुचना अनुसार भौतिक पूर्वाधार विस्तार लगायतका कार्यक्रममा निम्नानुसारका क्षेत्र र शर्तको बन्देजमा रहि देहाय अनुसार तोकिएको ढाँचामा मिति २०७८पौष ५ गते सम्म यस खप्तड छेडेदह गाउँपालिकाको कार्यालय शिक्षा शाखामा प्रस्ताव पेश गर्नहुन अनुरोध गरिन्छ ।

**प्रस्तावका लागि प्राथमिकता तोकिएका क्षेत्रहरू**

१. विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम ।
२. ICT ल्याव व्यबस्थापन (Projector,smart board,TV set,लगायतका सामग्री) विद्यालयमा Digital Library व्यबस्थापन ।
३. प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयहरूको ल्याब सुदृढिकरण तथा नयाँ प्राविधिक धार सञ्चालन ।

**भौतिक पूर्वाधार तर्फ (दुई कोठे तथा चार कोठे भवन) माग गर्ने आधारहरू**

१. विद्यार्थी संख्याका आधारमा भवन र कक्षाकोठा नपुग भएको ।
२. विद्यालयमा भवन र सौचालय निर्माणका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा भएको ।
३. संघ, प्रदेश तथा स्थानिय र दातृसंस्थाबाट दोहोरो नपर्ने अवस्था ।
४. राष्ट्रपति शैक्षिक सुधार अन्तर्गत गत बर्ष विद्यालय भवन निर्माण कार्यक्रम प्राप्त नभएको ।
५. यस अघि नमुना विद्यालय विकास कार्यक्रममा छनौट भएको विद्यालय हुन नहुने ।
६. लागत साझेदारीमा निर्माण कार्य गर्न सक्षम भए सोको प्रतिवद्धता ।
७. स्थानिय तहबाट सिफारिस भएको हुनुपर्ने ।

**ICT ल्याब व्यवस्थापन ( Projector,smart board,TV set लगायतका सामग्री) तथा विद्यालयमा Digital Library व्यबस्थापन**

Email: info@chhededahamun.gov.np Web:www.chhededaha.gov.np

१. ICT ल्याब तथा हालसम्म डिजिटल लाईब्रेरी ब्यबस्था नभएका माध्यमिक विद्यालय हुनुपर्ने ।
२. न्यूनतम २०० जना विद्यार्थी भएका आधारभूत तह कक्षा ८ सम्म सञ्चालनमा रहेका विद्यालय समेत हुनसक्ने ।
३. ICT ल्याब व्यबस्थापन तथा डिजिटल लाईब्रेरी व्यबस्थाका लागि आवश्यक कोठा र ईन्टरनेट सहितको विद्युतिय प्रबन्ध भएको हुनुपर्ने ।
४. कम्प्युटर विषय अध्यापन हुने विद्यालय भए सोको प्रमाण समावेश गर्नुपर्ने ।
५. गत विगत वर्षहरूमा ICT ल्याब व्यवस्थापनका लागि अनुदान प्राप्त नभएका विद्यालय हुनुपर्ने ।

**प्राविधिक धार सञ्चालन भएका विद्यालयका लागि ( ल्याब सुदृढीकरण )**

१. साविकको शिक्षा विभाग तथा शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन गर्न अनुमति प्राप्त गरेको विद्यालयहरू ।
२. कक्षा ९ र कक्षा ११ सञ्चालन गर्दा तोकिएको ल्याब व्यवस्थापन अनुदान प्राप्त गर्न छुट भएका विद्यालयहरू ।
३. नयाँ प्राविधिक धार सञ्चालन का लागि प्राविधिक धार सञ्चालन नभएका स्थानिय तहका ईच्छुक विद्यालयहरू मात्र ।

**पेश गर्नुपर्ने कागजातहरू :**

१. विद्यालय व्यवस्थापन समितिको निर्णय सहित कार्यक्रम माग गरेका कागजातहरू ।
२. विद्यालयको प्राथमिकताक्रम र कार्यक्रमको दोहोरोपना नपर्ने सुनिश्चितता सहितको स्थानिय तहको सिफारिस पत्र ।
३. **स्थानिय तहको प्राथमिकीकरण सहित सम्बन्धित शिक्षा विकास तथा समन्वय ईकाईले तयार गरेको स्थानिय** तहगत जिल्लाको समष्टिगत प्रमाणित विवरण ।

**पुनश्च :**

१. एक विद्यालयले बढीमा २ वटा कार्यक्रमका लागि प्रस्ताव पेश गर्न सक्नेछन ।
२. म्याद नाघी प्राप्त भएका र रीत नपुगेका प्रस्ताव उपर कुनै कार्वाही गरिने छैन ।
३. शिक्षा विकास तथा समन्वय ईकाईबाट माथि उल्लेख भए बमोजिम प्रमाणिकरण गरी प्रस्ताव मात्र ग्राह्य हुनेछन ।